# सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ (३) बमोजिम प्रस्तुत गरिएको जिल्ला प्रशासन कार्यालय दार्चुलासंग सम्बन्धित स्वत: प्रकाशन

## (Pro-active Disclosure)

## आ.व. २०७९/०८०

(सार्वजनिक गरिएको अवधि:- २०८०।०१।०१-२०८०।०३।३१ सम्म)

**जिल्ला प्रशासन कार्यालय, दार्चुला**

फोन:- ०९३-४२०१३३

E-Mail:- daodarchula@moha.gov.np


Web: www.daodarchula.moha.gov.np

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
दार्चुला

## कार्यालय प्रमुख र सूचना अधिकारी




**किरण जोशी**
प्रमुख जिल्ला अधिकारी
सम्पर्क नं. 9858727777




**प्रदीप सिंह धामी**
सहायक प्रमुख जिल्ला अधिकारी
(सूचना अधिकारी)
सम्पर्क नं. 9840527753



CamScanner

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
दार्चुला

# विषयवस्तु


जिल्ला प्रशासन कार्यालय, दार्चुला ........................................ 1

१. जिल्ला प्रशासन कार्यालय, दार्चुलाको स्वरुप र प्रकृति: ........................................ 4

२. जिल्ला प्रशासन कार्यालय, दार्चुलाको काम, कर्तव्य र अधिकार : ........................................ 4

३. जिल्ला प्रशासन कार्यालय, दार्चुलाको स्वीकृत दरबन्दी विवरण र कार्यविवरण : ........................................ 5

४. जिल्ला प्रशासन कार्यालय, दार्चुलाबाट प्रदान गरिने सेवा : ........................................ 5

५. सेवाग्राहीहरुको लागि डिजिटल नागरिक वडा पत्रको सुविधा (Digital Charter System):- ........................................ 7

६. विपद्को समय SMS Alert System (MOHA System) सञ्चालन:- ........................................ 7

७. सेवाग्राहीहरुको लागि Free Wi-Fi को सुविधा:- ........................................ 7

८. कार्यालयको गतिविधिहरु कार्यालयको Website, Twitter, Facebook मार्फत सम्प्रेषण गर्ने गरिएको । 7

९. CCTV Camera:- ........................................ 9

१०. सहायता कक्ष (Help Desk) सञ्चालन:- ........................................ 9

११. सबै कार्यालयहरुमा सुचना अधिकारी तथा गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिएको:- ........................................ 10

१२. विधुतिय हाजिरी (E-attendance) सञ्चालन:- ........................................ 10

१३. प्रतिक्षालयको व्यवस्था: ........................................ 10

१४. जिल्ला प्रशासन कार्यालय, दार्चुलामा रहेका फाँट र जिम्मेवार अधिकारी : ........................................ 10

१५. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :- ........................................ 12

१६. निर्णय गर्ने प्रक्रिया र अधिकारी : ........................................ 13

१७. निर्णय उपर उजुरी सुन्ने अधिकारी : प्रचलित कानून बमोजिम । ........................................ 13

१८. सम्पादन गरेको कामको विवरण : (२०८०।०१।०१-२०८०।०३।३१ सम्म) ........................................ 13

१९. सूचना अधिकारी र प्रमुखको नाम र पद : ........................................ 21

२०. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची : ........................................ 21

२१. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्वन्धी अद्यावधिक विवरण : ........................................ 22

२२. सूचनाको हक अन्तर्गत सूचनाको हक माग्ने र पाउनेको विवरण : ........................................ 22

२३. सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ५ को उपनियम ३ बमोजिमको थप विवरण:- ........................................ 22


स.प्रमुख जिल्ला अधिकारी



CamScanner

## सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ (३) बमोजिम प्रस्तुत गरिएको जिल्ला प्रशासन कार्यालय दार्चुलासंग सम्बन्धित स्वत:प्रकाशन
### (Pro-active Disclosure)

**(सार्वजनिक गरिएको अवधि:- २०८०।०१।०१-२०८०।०३।३१)**

## १. जिल्ला प्रशासन कार्यालय, दार्चुलाको स्वरुप र प्रकृति:

जिल्लामा शान्ति, सुरक्षा र सुव्यवस्था कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्नु जिल्ला प्रशासन कार्यालयको मुख्य कार्य हो । स्थानीय प्रशासन ऐन, २०२८ ले जिल्लाको शान्ति र व्यवस्थालाई प्रभावकारी रुपमा संचालन गर्न तथा जिल्लाको सामान्य प्रशासन संचालन गर्न प्रत्येक जिल्लामा एउटा जिल्ला प्रशासन कार्यालय रहने साथै जिल्ला प्रशासन कार्यालयको प्रमुख प्रशासकीय अधिकारीको रुपमा प्रमुख जिल्ला अधिकारी रहने व्यवस्था गरेको छ । जिल्लामा विकास निर्माण कार्यहरुको लागि उपयुक्त वातावरण निर्माण गर्न समन्वय र सहजीकरण, विपद् व्यवस्थापन, अत्यावश्यक वस्तु तथा सेवाको आपूर्ति व्यवस्थापन, सेवा प्रवाहको अनुगमन, प्रचलित कानूनमा तोकिएका विषयहरुमा न्याय निरुपण, आर्थिक अनियमितता एवं भ्रष्टाचार नियन्त्रण जस्ता कार्यहरु सम्पादन गरी जिल्लामा सुशासनको प्रत्याभूतिका लागि जिल्ला प्रशासन कार्यालयको महत्वपूर्ण भूमिका रहेको हुन्छ ।

## २. जिल्ला प्रशासन कार्यालय, दार्चुलाको काम, कर्तव्य र अधिकार :

१. जिल्लामा शान्ति व्यवस्था र सुरक्षा कायम राख्ने ।
२. नागरिकता प्रमाणपत्र वितरण गर्ने ।
३. MRP राहदानीको फर्म संकलन तथा सिफारिस गर्ने ।
४. नाबालक परिचयपत्र जारी गर्ने ।
५. आदिवासी जनजाती, दलित सिफारिस गर्ने ।
६. आन्तरिक सुरक्षासम्बन्धी नीति, योजना तथा स्थानीय स्तरमा कार्यक्रमको कार्यान्वयन ।
७. हातहतियार र खरखजानाको इजाजत सम्बन्धी सिफारिस र नियन्त्रण ।
८. विस्फोटक पदार्थ सिफारिस र नियमन ।
९. विदेशी नागरिकको जिल्लामा उपस्थिति र गतिविधिको नियमन ।
१०. सवारी साधन सञ्चालन सम्बन्धी कानूनको कार्यान्वयन ।
११. गैरसरकारी संघ, संस्था दर्ता, नवीकरण र नियमन ।
१२. स्थानीय प्रशासनको सञ्चालन ।
१३. बाल कल्याण तथा बाल अधिकारको संरक्षण ।
१४. भ्रष्टाचार नियन्त्रण ।
१५. कार्यालय निरीक्षण तथा अनुगमन/सुशासन कायम ।
१६. कल्याण धन र बेवारिसी धनको व्यवस्थापन ।
१७. चिट्ठा, जुवा आदिको नियन्त्रण ।
१८. सार्वजनिक स्थानमा अवाञ्छनीय व्यवहारको रोकथाम, मादक पदार्थ, सार्वजनिक अपराध आदिको नियन्त्रण ।
१९. विपद् व्यवस्थापन ।
२०. जिल्ला स्तरमा सार्वजनिक उत्सव कार्यक्रम ।
२१. मुआब्जा निर्धारण तथा वितरण ।



२०. जिल्ला स्तरमा सार्वजनिक उत्सव कार्यक्रम ।
२१. मुआब्जा निर्धारण तथा वितरण ।
२२. पुरस्कार तथा सजाय सम्बन्धी कारवाही र सिफारिस ।
२३. जिल्ला भित्र रहेको नेपाल सरकारको सबै सम्पत्तीको रेखदेख, सम्भार तथा मर्मत गर्ने गराउने ।
२४. लागू औषध ओसार पसार नियन्त्रण र रोकथाम ।
२५. जिल्ला स्थित कारागारको व्यवस्थापन ।
२६. जिल्ला भित्र बजार अनुगमन, नियमन तथा नियन्त्रण, अत्यावश्यक वस्तु तथा सेवाको आपूर्ति व्यवस्थापन ।
२७. द्वन्द्व प्रभावितको पहिचान तथा राहत वितरण ।
२८. जिल्ला स्तरमा नेपाल प्रहरी र सशस्त्र प्रहरीको परिचालन र प्रयोग ।
२९. राष्ट्रिय अनुसन्धानसँगको समन्वय सूचना सङ्कलन र विश्लेषण ।
३०. जिल्लामा सञ्चालित विकास निर्माण कार्यमा सहयोग ।
३१. कानून बमोजिम तोकिए अनुसार विभिन्न मुद्दाको सुरु कारवाही र किनारा गर्ने ।
३२. अन्तराष्ट्रिय सीमा प्रशासन ।
३३. न्याय सम्पादन सम्बन्धी कार्य ।
३४. निर्वाचन सम्बन्धी गृह मन्त्रालय र निर्वाचन आयोगको आदेश निर्देशन कार्यान्वयन ।

## ३. जिल्ला प्रशासन कार्यालय, दार्चुलाको स्वीकृत दरबन्दी विवरण र कार्यविवरण :

**कर्मचारी दरबन्दी:- २० (कार्यरत १८ जना)**

| सि.नं. | पद | दरबन्दी संख्या | पदपुर्ति | कैफियत |
|---|---|---|---|---|
| १ | प्रमुख जिल्ला अधिकारी | १ | १ | |
| २ | सहायक प्रमुख जिल्ला अधिकारी | १ | १ | |
| ३ | नायव सुब्बा | ४ | ४ | |
| ४ | लेखापाल | १ | १ | |
| ५ | कम्प्युटर अपरेटर | २ | १ | १ रिक्त |
| ६ | खरिदार | ४ | ३ | १ रिक्त |
| ७ | हलुका सवारी चालक | १ | १ | |
| ८ | कार्यालय सहयोगी | ६ | ६ | करार |
| | जम्मा | २० | १८ | |

## ४. जिल्ला प्रशासन कार्यालय, दार्चुलाबाट प्रदान गरिने सेवा :

**क) स्थानीय प्रशासन तथा शान्ति सुरक्षा सम्बन्धी सेवा :**

- शान्ति सुव्यवस्थाको माध्यमबाट नागरिकको जीउ धनको सुरक्षा गर्ने ।
- अपराध हुन नदिन एवं अपराध न्यूनिकरणका लागि समुदायस्तर सम्म सचेतिकरणका कार्यक्रम संचालन गर्ने ।
- आम नागरिकलाई मुलुकको संविधान तथा कानून बमोजिम प्राप्त हक अधिकारको निर्बाध प्रयोगको वातावरण बनाउने।
- शान्ति सुरक्षाको कार्यमा सुरक्षा निकायहरुको परिचालन गर्ने ।
- सामाजिक विकृति विसंगतिको अन्त्यका लागि सरोकारवालाहरुसंग हातेमालो गरी सभ्य, सदाचारी र सुरक्षित समाजको निर्माणका लागि आवश्यक सबै उपाय अवलम्बन गर्ने ।

- समाजमा शान्ति सुरक्षा कायम गर्न जिल्ला स्थित सवै स्थानीय तह, नागरिक समाज लगायत सवै सरोकारवालाहरुसंग सहकार्य/समन्वय गर्ने ।
- कार्यालयको दैनिक प्रशासन संचालन गर्ने ।
- संघ संस्था दर्ता/नवीकरण, शाखा खोल्ने अनुमति प्रदान, हातहतियार नविकरण, नामसारी, स्वामित्व हस्तान्तरण।
- वहुयात्रा अनुमति पत्र जारी, ताक्लाकोट प्रवेश अनुमति पत्र जारी ।
- विष्फोटक पदार्थ प्रयोग सम्वन्धी इजाजत पत्र जारी ।
- विभिन्न व्यहोरा शिफारिस/प्रमाणित गर्ने ।
- सार्वजनिक सम्पत्तिको अभिलेख, संरक्षण एवं व्यवस्थापन गर्ने ।
- विजी सुरक्षा कम्पनीहरुको संचालन अनुमतिका लागि शिफारिस गर्ने ।
- ड्रोन उडान अनुमति प्रदान गर्ने, सि.सि-टि.भी. क्यामेराको अनुगमन गर्ने ।

**ख) राहदानी सम्बन्धी सेवा:**

- राहदानी सम्वन्धी फाराम संकलन गरी विवरण रुजु गर्ने, केन्द्रमा पठाउने ।
- द्रुत सेवाका लागि शिफारिस गरी पठाउने।
- संकलन केन्द्रमा प्राप्त राहदानी वुझी वितरण गर्ने ।
- राहदानीमा कुनै शंसोधन गर्नु परेमा तत्सम्वन्धी कार्य गर्ने।

**ग) नागरिकता सम्बन्धी सेवा:**

- वंशज/वैवाहिक अंगिकृत नागरिकता प्रदान गर्ने ।
- नागरिकताको प्रतिलिपि जारी गर्ने ।
- नावालक परिचय पत्र जारी गर्ने ।
- घरदैलोमा नै सेवा प्रदान गर्न एकिकृत घुम्ति सेवा शिवीर संचालन गर्ने ।
- नागरिकता सम्वन्धी अभिलेख Digitize गर्ने ।

**घ) मुद्दा तथा ठाडो उजुरी सम्बन्धी सेवा:**

- सार्वजनिक शान्ति विरुद्धको कसुर र विशेष ऐनले तोकेका मुद्दाहरुमा शुरु कारवाही र किनारा गर्ने ।
- गुनासो वा ठाडो उजुरी ।

**ङ) हातहतियार इजाजत पत्र तथा नवीकरण सम्बन्धी सेवा:**

- हातहतियार इजाजत पत्र नामसारी, नवीकरण र स्वामित्व हस्तान्तरण ।

**च) संस्था दर्ता तथा नवीकरण सम्बन्धी सेवा:**

- संस्था दर्ता ।
- संस्था नवीकरण ।
- संस्थाको विधान संशोधन ।
- जिल्लामा संस्थाको शाखा खोल्ने स्वीकृति ।

**छ) आपूर्ति व्यवस्था अनुगमन सम्बन्धी सेवा:**

- सहज आपूर्ति व्यवस्थापन सुनिश्चित गर्नका लागि वजार अनुगमन तथा नियमन ।

**ज) विपद् व्यवस्थापन सम्बन्धी सेवा:**

- जिल्ला विपद व्यवस्थापन समितिको वैठक व्यवस्थापन ।
- विपद् सम्वन्धी कार्ययोजना निर्माण ।
- विपद् न्यूनीकरणका लागि तयारी ।
- विपद् भएको क्षति विवरण संकलन ।



- विपद् पीडित भएकाहरुलाई क्षतिपूर्ति एवं राहत वितरण तथा पुन:स्थापना ।

**झ) अख्तियार दुरुपयोग अनुसन्धान सम्वन्धी सेवा:**

- अख्तियार दुरुपयोग सम्वन्धी उजुरी एवं निवेदनहरु उपर छानबिन र सिफारिस।

**ञ) द्वन्द्व व्यवस्थापन:**

- द्वन्द्व प्रभावितहरुको अभिलेख व्यवस्थापन ।
- द्वन्द्व प्रभावित (मृतक/वेपत्ता/अंगभंग भई घाईते भएका) हरुलाई राहत वितरण ।

**ट) राष्ट्रिय परिचय पत्र सम्वन्धी सेवा:-**

- राष्ट्रिय परिचय पत्रको विवरण संकलन गरि राष्ट्रिय परिचय पत्र जारी गर्ने ।

## ठ) सुशासन/ सार्वजनिक सेवा प्रवाह सम्बन्धि सेवाहरु:-

### ५. सेवाग्राहीहरुको लागि डिजिटल नागरिक वडा पत्रको सुविधा (Digital Charter System):-

जिल्ला प्रशासन कार्यालय दार्चुलाद्वारा डिजिटल नागरिक वडा पत्र, कार्यालयको सूचना, कार्यालयको कर्मचारी विवरण लगायत यस जिल्लाको धार्मिक, पर्यटकीय क्षेत्रहरु, सामाजिक अपराध सम्बन्धी जनचेतनामुलक श्रव्य दृष्य सामाग्रीहरु DIGITAL CHARTER SYSTEM द्वारा प्रशारण गरिदै आएको छ ।

### ६. विपद्को समय SMS Alert System (MOHA System) सञ्चालन:-

गृह मन्त्रालयले उपलब्ध गराएको SMS system बाट विपद् सम्बन्धी घटना, जल तथा मौसम विज्ञान विभागको मौसम तथा वर्षा बुलेटिन सम्बन्धी जानकारी जिल्ला विपद् व्यवस्थापन समितिका पदाधिकारीहरु, जिल्ला स्थित स्थानीय तहका प्रमुख/उपप्रमुख, अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्षहरु, सरकारी कार्यालयका प्रमुखहरु, जिल्ला स्थित गैर सरकारी निकायहरु तथा पत्रकार सहित अन्य सम्बन्धित सरोकारवाला सबै व्यक्तिहरुलाई एकैपटक सूचना जानकारी गराइदै आएको छ।

### ७. सेवाग्राहीहरुको लागि Free Wi-Fi को सुविधा:-

सेवाग्राही मैत्री कार्यालय वातावरण निर्माणका लागि कार्यालय परिसर भित्र Free Wi-Fi को व्यवस्था मिलाइएको छ। सेवाग्राहीहरुले आवश्यक रहेका कागजातहरु समेत internet को माध्यमबाट download गरी कार्यालयमा खोजेको समयमा पेश गर्न सजिलो भएको । साथै सेवाग्राहीहरुले सेवा प्राप्तिको क्रममा गर्नुपर्ने प्रतिक्षाको समय व्यवस्थापनका लागि उक्त सेवा समेत प्रयोग गर्ने गरेका छन् ।

### ८. कार्यालयको गतिविधिहरु कार्यालयको Website, Twitter, Facebook मार्फत सम्प्रेषण गर्ने गरिएको ।

कार्यालयको सूचना, समाचार, मासिक, अर्धवार्षिक र वार्षिक प्रगति विवरण, वार्षिक प्रकाशन, कार्ययोजना, जानकारीहरु कार्यालयको वेबसाईट www.daodarchula.moha.gov.np, Facebook page: www.facebook.com/ daodarchula, Twitter: @daodarchula, सूचना Moha SMS System मार्फत नियमित रुपमा अद्यावधिक गरि सार्वजनिक गर्ने गरिएको छ । जिल्ला स्थित स्थानीय तहको वेबसाईट समेत कार्यालयको वेबसाईटमा लिङ्क गरि राखिएको साथै नागरिक वडा पत्र समेत कार्यालयको वेवसाईटमा राखिएको छ ।


जिल्ला प्रशासन कार्यालयको Website: https://daodarchula.moha.gov.np/




जिल्ला प्रशासन कार्यालयको Facebook Page: https://www.facebook.com/daodarchula/





जिल्ला प्रशासन कार्यालयको Twitter Page: https://twitter.com/daodarchula




## ९. CCTV Camera:-

अपराध नियन्त्रण र शान्ति सुरक्षा कायम गर्न विद्युतीय उपकरणको प्रभावकारिता बढाउने, CCTV/Camera को प्रयोगलाई प्रोत्साहन र व्यवस्थित गर्ने उद्देश्यका साथै कार्यालयको सुरक्षा प्रयोजनार्थ कार्यालयमा 6 Tera Byte क्षमता सहितको ८ वटा Camera जडान गरि सञ्चालनमा रहेको छ । सबै फांटहरुमा भएका काम कारवाही र कार्यालयमा आगमन/निर्गमन लगायत अन्य गतिविधिको Monitoring प्रमुख जिल्ला अधिकारीको कार्यकक्षबाट गरिने व्यवस्था मिलाइएको छ । जिल्ला स्थित अन्य सरकारी निकाय, व्यापारिक प्रतिष्ठान, जिल्लाको प्रवेश नाकामा समेत CCTV/Camera जडानमा प्रोत्साहन गरी त्यसको अभिलेख राख्ने र अनुगमन गर्ने गरिएको छ ।



## १०. सहायता कक्ष (Help Desk) सञ्चालनः-

सेवा प्रवाहको विषयमा सेवाग्राहीहरुलाई सहयोग गर्न सहयोग कक्ष (Help Desk) को व्यवस्था गरिएको । नागरिक वडा पत्र पढ्न नजान्ने र सेवा लिन पहिलो पटक कार्यालयमा आउने सेवाग्राहीका लागि सहायता कक्षको माध्यमबाट सेवा लिन सहज भएको पाइएको छ ।

## ११. सबै कार्यालयहरुमा सुचना अधिकारी तथा गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिएको:-

सुशासन (व्यवस्थापन तथा संचालन) ऐन २०६४ र नियमावली २०६५ बमोजिम सार्वजनिक निकायबाट सम्पादित कृयाकलापका सम्बन्धमा सरोकारवालाहरुलाई सहज ढंगले सूचना उपलब्ध गराउन र सेवाका सम्बन्धमा कुनै उजुरी वा गुनासा भए तत्सम्बन्धमा सम्बोधन गर्न सबै सरकारी निकायहरुमा सूचना अधिकारी र गुनासो सुन्ने अधिकारी तोकी सर्व साधारणले जानकारी पाउने गरी फोटो र सम्पर्क नं. सहितको विवरण कार्यालयमा टांस्न निर्देशन दिइए बमोजिम सबै कार्यालयहरुले उक्त व्यवस्था गरेका छन ।

## १२. विधुतिय हाजिरी (E-attendance) सञ्चालनः-

यस कार्यालयमा कार्यरत कर्मचारीहरुको उपस्थितिलाई नियमित एवं नियमन गर्न विद्युतीय हाजिरी प्रणाली (E-Attendance Device) सेट मिति २०७३।०३।२७ देखि जडान गरी नियमित रुपमा विद्युतीय हाजिरी प्रणाली प्रयोगमा ल्याइएको छ। यसबाट कर्मचारीको समयपालनामा प्रभावकारिता ल्याएको छ । कोभिड-१९ को संक्रमणको जोखिम उच्च भएको समयमा मेशिनद्वारा हाजिरी लिने काम बन्द भई हाल कोभिड-१९ संक्रमणको दोस्रो लहरको जोखिम न्यूनीकरण भएको हुँदा उक्त मेशिन संचालनमा आई दैनिक हाजिरी लिने गरिएको ।

## १३. प्रतिक्षालयको व्यवस्था:

कार्यालय परिसरमा रहेको प्रतिक्षालयमा चिसो मौसममा न्यानो हुने गरी झ्याल तथा ढोकाको व्यवस्था छ । जिल्लाको समग्र विशेषता झल्कने गरी विभिन्न दृष्य सामाग्रीहरु राखिएको छ । साथै प्रतिक्षालय भित्र सेवा प्राप्तिका लागि आवश्यक पर्ने सूचना, फारम, निवेदन लेख्नका लागि कागज, कलम, स्ट्याम्प प्याड लगायतका सामाग्रीहरु व्यवस्थापन गरिएको छ । साथै प्रतिक्षालयमा सेवाग्राहीहरुको लागि शुद्ध पिउने पानीको व्यवस्था गरिएको छ ।

## १४. जिल्ला प्रशासन कार्यालय, दार्चुलामा रहेका फाँट र जिम्मेवार अधिकारी :

| सि.नं. | फाँटको नाम | जिम्मेवार अधिकारी | पद | फोटो | सम्पर्क न. | स्थायी/करार |
|---|---|---|---|---|---|---|
| १ | प्र.जि.अ. कक्ष | दीर्घराज उपाध्याय | प्र.जि.अ. | | 9858727777 | |
| २ | स.प्र.जि.अ. कक्ष | प्रदीप सिंह धामी | स.प्र.जि.अ. | | 9858788221 | |
| ३ | मुद्दा तथा हातहतियार, संघ संस्था दर्ता, पत्र पत्रिका दर्ता फाँट | वासुदेव विष्ट | ना.सु. |  | 9848781051 | स्थायी |
| ४ | विपद् व्यवस्थापन फाँट | राम राज पन्त | ना.सु. |  | 9841052046 | स्थायी |



| सि.नं. | फाँटको नाम | जिम्मेवार अधिकारी | पद | फोटो | सम्पर्क न. | स्थायी/करार |
|---|---|---|---|---|---|---|
| ५ | नागरिकता फाँट | गोपाल सिंह बोहरा | ना.सु. |  | 9849593260 | स्थायी |
| ६ | राहदानी फाँट | निर्मला पोखरेल | ना.सु. |  | 9868573019 | स्थायी |
| ७ | राहदानी फाँट | राकेश सिंह ठगुन्ना | खरिदार |  | 9849941011 | स्थायी |
| ८ | लेखा फाँट | धर्मराज भट्ट | लेखापाल |  | 9869848781 | स्थायी |
| ९ | कम्प्युटर फाँट | मोहन दत्त भट्ट | क.अ. |  | 9848844120 | स्थायी |
| १० | स्थानीय प्रशासन तथा शान्ति सुरक्षा फाँट | सागर दत्त जोशी | खरिदार |  | 9848875620 | स्थायी |
| ११ | राष्ट्रिय परिचय पत्र फाँट | यशोदा जोशी | क.अ. |  | 9868738371 | सेवा करार |
| १२ | नागरिकता फाँट | मिना बम सिंह | स.क.अ. |  | 9848840586 | तिंकर सडक योजनाबाट काज (सेवा करार) |
| १३ | | महेश भट्ट | ह.स.चा. |  | 9848711444 | सेवा करार |

| कार्यालय सहयोगी | | | | | |
|---|---|---|---|---|---|
| सि.नं. | नाम थर | पद | फोटो | सम्पर्क नं. | |
| १४ | उमेश अवस्थी | का.स. |  | 9868352801 | सेवा करार |
| १५ | नन्दा देवी भट्ट | का.स. |  | 9848709575 | सेवा करार |
| १६ | पदम सिंह बडाल | का.स. |  | 9749523284 | सेवा करार |
| १७ | रमिता ठेकरे | का.अ. |  | 9868777040 | सेवा करार |
| १८ | सर्जन ओखेडा | का.स. |  | 9848799419 | सेवा करार |
| १९ | नरेन्द्र सिंह महरा | का.स. |  | 9865739541 | ज्यालादारी (राष्ट्रिय परिचय पत्र शाखा) |

## १५. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :-

| सि.नं. | प्रदान गरिने सेवा | लाग्ने दस्तुर रु | लाग्ने अवधि | कैफियत |
|---|---|---|---|---|
| १ | वंशजको आधारमा नेपाली नागरिकताको प्रमाण पत्र वितरण | रु. १०/– को टिकट | प्रक्रिया पुगेकै दिन | |
| २ | नागरिकताको प्रतिलिपि वितरण | रु. १५/– को टिकट | प्रक्रिया पुगेकै दिन | |
| ३ | वैवाहिक अंगिकृत नागरिकताको प्रमाण पत्र वितरण | रु. १०/– को टिकट | प्रक्रिया पुगेकै दिन | |
| ४ | राहदानी फाराम संकलन | रु. ५,०००/– साधारण<br>रु. १०,०००/–हराएको राहदानी वापत | प्रक्रिया पुगेकै दिन | |
| ५ | राहदानी वितरण, नागरिकता अभिलेख | – | तुरुन्त | |
| ६ | गुनासो वा ठाडो उजुरी | रु. १०/– को टिकट | यथाशीघ्र | |
| ७ | नाम, थर उमेर आदि प्रमाणित | रु. १०/– को टिकट | प्रक्रिया पुगेकै दिन | |
| ८ | संस्था दर्ता | रु. १,०००/– | प्रक्रिया पुगेकै दिन | |
| ९ | संस्था नवीकरण | रु. ५००/– | प्रक्रिया पुगेकै दिन | |
| १० | संस्थाको विधान संशोधन | रु. १०/– को टिकट | प्रक्रिया पुगेकै दिन | |
| ११ | जिल्लामा संस्थाको शाखा खोल्ने स्वीकृति | रु. १०/– को टिकट | प्रक्रिया पुगेकै दिन | |
| १२ | दलित, आदिवासी/जनजाती सिफारिस | रु. १०/– को टिकट | प्रक्रिया पुगेकै दिन | |
| १३ | पत्रपत्रिका दर्ता | दैनिक रु. १,०००/–<br>साप्ताहिक रु. ५००/–<br>पाक्षिक रु. ३००/–<br>मासिक रु. २००/– | प्रक्रिया पुगेकै दिन | |
| १४ | छापाखाना दर्ता | रु. १,०००/– | प्रक्रिया पुगेकै दिन | |
| १५ | हातहतियार नामसारी | रु. १,०००/– | प्रक्रिया पुगेकै दिन | |
| १६ | हा.ह. जिल्ला भित्रको नवीकरण | रु. १००/– | प्रक्रिया पुगेकै दिन | |
| १७ | हा.ह. नेपाल भरिको नवीकरण | रु. ५००/– बारबोर | प्रक्रिया पुगेकै दिन | |
| १८ | क्षतिपूर्ति एवं राहत वितरण | रु. १०/– को टिकट | प्रक्रिया पुर्याएर | |
| १९ | विष्फोटक पदार्थ ईजाजत-पत्र | रु. १०/– को टिकट | प्रक्रिया पुर्याएर | |
| २० | विष्फोटक पदार्थ ईजाजत-पत्र नविकरण | रु. ५०/– | प्रक्रिया पुगेकै दिन | |

## १६. निर्णय गर्ने प्रक्रिया र अधिकारी :

**क) निर्णय गर्ने प्रक्रिया** : सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका, २०६५ एवं सूचनाको हक सम्वन्धी ऐन, २०६४ लगाएत प्रचलित कानून बमोजिम ।

**ख) निर्णय गर्ने अधिकारी :**

- प्रमुख जिल्ला अधिकारी ।
- सहायक प्रमुख जिल्ला अधिकारी:- प्रमुख जिल्ला अधिकारीवाट अधिकार प्रत्यायोजन भए बमोजिम

## १७. निर्णय उपर उजुरी सुन्ने अधिकारी : प्रचलित कानून बमोजिम ।

## १८. सम्पादन गरेको कामको विवरण : (२०८०।०१।०१-२०८०।०३।३१ सम्म)

| क्र. सं. | कामको विवरण | संख्या पुरुष | संख्या महिला | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | नागरिकता वितरण वंशज | ६६९ | ६९२ | १२६१ | |
| | वैवाहिक अंगिकृत | – | ६ | ६ | |
| २ | प्रतिलिपि नागरिकता वितरण | ४६८ | २६५ | ६३३ | |
| | नागरिकता परित्याग | – | – | ३ | |
| | नागरिकता रद्द | – | – | – | |
| ३ | राष्ट्रिय परिचय पत्र विवरण दर्ता संख्या | १०५७ | ६६७ | १७२४ | |
| ४ | नावालक परिचय पत्र जारी | २ | ३ | ५ | |
| | विद्युतीय राहदानी फाराम संकलन | ४०४ | ८४ | ४८८ | |
| ५ | राहदानी वितरण गरिएको संख्या | – | – | ४२० | |
| ६ | हातहतियार इजाजत पत्र नविकरण | | | १४४ | |
| | हातहतियार नामसारी | | | – | |
| | विष्फोटक पदार्थको इजाजत पत्र नविकरण | | | – | |
| | मादक पदार्थ सेवन | | | ७ जना | |

| | | | |
|---|---|---|---|
| ७ | संघ संस्था दर्ता | छैन | |
| ८ | संघ संस्था नविकरण | ४ | |
| ९ | आदिवासी, जनजाती प्रमाणित | ७ | |
| | दलित प्रमाणित | २१ | |
| | नाम थर प्रमाणित | ६९ | |
| | जन्ममिति प्रमाणित | ६ | |
| १० | व्यहोरा प्रमाणित/सिफारिस | ६ | |
| ११ | कार्यालय प्रमुखहरुको बैठक | ३ | |
| १२ | विविध बैठक | ७ | |
| १३ | विपद् व्यवस्थापन बैठक संख्या | १ | |
| १५ | जिल्ला सुरक्षा समिति बैठक | ७ | |
| १६ | जिल्ला प्रशासन कार्यालयको स्टाफ बैठक | ३ | |
| १७ | सूचना अधिकारीहरुको बैठक | १ | |
| १८ | **मुद्दा सम्बन्धी विवरण** | | |
| | हालसम्मको कुल मुद्दा दर्ता | ५१ | |
| | मुद्दा फछ्र्यौट | ४६ | ९०% मुद्दा फछ्र्यौट |
| | मुद्दा फछ्र्यौट बाँकी | ५ | |
| | ठाडो उजुरी निवेदन दर्ता | २४ | विषयगत ठाडो उजुरी र सबै गुनासाहरुको सम्बोधन भई कार्यान्वयनका लागि सम्बन्धित निकायलाई पत्राचार गरिएको। |
| १९ | **विपद् व्यवस्थापन सम्बन्धी विवरण (२०७९।०४।०१ गते देखि २०८०।०३।३१ गते सम्म)** | | |

**(१) आ.व. २०७९/०८० मा विपदजन्य घटनाबाट क्षति भएका जिल्ला स्थित स्थानीय तहहरुको विवरण:-**

| क्र.सं. | स्थानीय तह | क्षति सम्बन्धि विवरण | कैफियत |
|---|---|---|---|
| १. | अपि हिमाल गाउँपालिका | आ.व. २०७९/०८० मा यस गाउँपालिका मनसुनजन्य विपदका घटनाबाट निजी आवास, वालिनालि, जग्गा जमिन सिचाई खानेपानी मुहान क्षति भएको विवरण प्राप्त भएको। | यस वर्षको क्षतिबाट वस्ति विस्थापित को अवस्था सिर्जना नभएको। |
| २. | मार्मा गाउँपालिका | आ.व. २०७९/०८० मा यस गाउँपालिका मनसुनजन्य विपदका घटनाबाट निजी आवास, वालिनालि, जग्गा जमिन सिचाई, खानेपानी मुहान, बाटोघाटो क्षति भएको विवरण प्राप्त भएको | यस वर्षको क्षतिबाट वस्ति विस्थापित को अवस्था सिर्जना नभएको। |
| ३. | लेकम गाउँपालिका | आ.व. २०७९/०८० मा यस गाउँपालिका मनसुनजन्य विपदका घटनाबाट केही व्यक्तिको निजी आवास मा क्षति भएको विवरण प्राप्त भएको। | धेरै क्षति भएको विवरण प्राप्त नभएको। |
| ४. | मालिकार्जुन गाउँपालिका | आ.व. २०७९/०८० मा यस गाउँपालिका मनसुनजन्य विपदका घटनाबाट सडक बाटो मा क्षति भएको विवरण प्राप्त भएको। | आ.व. २०७९/०८० मा यस गाउँपालिका मनसुनजन्य विपदका घटनाबाट धैरै क्षति भएको विवरण प्राप्त नभएको। |
| ५. | शैल्य शिखर नगरपालिका | आ.व. २०७९/०८० मा यस गाउँपालिका मनसुनजन्य विपदका घटनाबाट सडक बाटो मा क्षति भएको विवरण प्राप्त भएको। चट्याङबाट १ जना व्यक्तिको मानवीय क्षति भएको। | आ.व. २०७९/०८० मा यस गाउँपालिका मनसुनजन्य विपदका घटनाबाट धैरै क्षति भएको विवरण प्राप्त नभएको। |
| ६. | व्याँस गाउँपालिका | आ.व. २०७९/०८० मा यस गाउँपालिका मनसुनजन्य विपदका घटनाबाट निजी आवास, वालिनालि, जग्गा जमिन, खानेपानी मुहान, बाटोमा क्षति भएको। विपद जन्य घटनाका कारण वस्ती जोखिम भएको विवरण प्राप्त भएको। हिमपहिरोमा परि अन्य जिल्लाबाट कामका लागि आएका ३ जना व्यक्तिहरुको मानवीय क्षति भएको। | आ.व. २०७८/०७९ देखि मनसुनजन्य विपद वर्षा र पहिरो जन्यघटनाबाट केही वडाहरुमा वस्ती जोखिम भएको। |
| ७. | दुहुँ गाउँपालिका | आ.व. २०७९/०८० मा यस गाउँपालिका मनसुनजन्य विपदका घटनाबाट निजी आवास, वालिनालि, जग्गा जमिन, खानेपानी मुहान, बाटो मा क्षति भएको। चट्याङबाट १ जना र हिमपहिरोबाट २ जना व्यक्तिको मानवीय क्षति भएको। विपद जन्य घटनाका कारण वस्ती जोखिम भएको विवरण प्राप्त भएको। | आ.व. २०७८/०७९ देखि यस गाउँपालिकामा मनसुनजन्य विपदका घटनाबाट केही वडाहरुमा बस्ती जोखिम भएको। |




(२) मिति २०७९ भाद्र २४ गतेको मनसुनजन्य अविरल वर्षा, बाढी र पहिरोका कारण यस जिल्लाको महाकाली नगरपालिका र नौगाड गाउँपालिकाको बिभिन्न वडाहरुमा भएको निजी तथा सार्वजनिक क्षतिको संक्षिप्त विवरण:-

| सि.नं. | स्थानीय तह | मानवीय क्षति | | घर क्षति | | | | व्यवसाय क्षति |
|---|---|---|---|---|---|---|---|---|
| | | मृतक ७ | वेपत्ता ८ | पूर्ण क्षति | उच्च जोखिम/आंशिक क्षति | जोखिम | संभावित जोखिम | |
| १. | महाकाली न.पा. दार्चुला | ०४ | ०८ | ८६ | ५५ | १७ | ५७ | २० पानी घट्ट क्षति, १२ परिवारको तरकारी तथा अन्य फार्म व्यवसाय क्षति, ८ सवारी साधन क्षति ८ फार्म/संस्था क्षति, |
| २. | नौगाड गा.पा. दार्चुला | ०३ | - | २५ | ४७ | | | १० परिवारको ४४५चौपाया क्षति, ८ पानी घट्ट क्षति, |

**सार्वजनिक सम्पत्ति क्षति सम्बन्धि विवरण:-**

| सि. नं | स्थानीय तह | खानेपानी योजना क्षति | पुल क्षति | विद्यालय क्षति | सडक क्षति |
|---|---|---|---|---|---|
| १. | महाकाली नगरपालिका, दार्चुला | ३१ | १ निर्माणाधिन पक्की पुल (बंगाबगड-लास्कु जोडने) झोलुङ्गे र आर. सी.सी.र अन्य काठे पुल क्षति। | ०३ वटा पूर्ण क्षति, ०१ वटा आंशिक क्षति, | खलंगा-दल्लेख सडक खण्डको ठाउँ-ठाउँमा क्षति भएको। महाकाली नदी किनारमा निर्मित तटबन्धमा क्षति भएको। |
| २. | नौगाड गाउँपालिका, दार्चुला | २४ | १३ आर.सी.सी. सानो पुल तथा काठे पुल क्षति | | |

**(३) खोज, उद्धार तथा राहत सम्बन्धि विवरण:-**

आ.व. २०७९/०८० मा विपदजन्य घटनाबाट घटना भएको खोज, उद्धार तथा राहत सम्बन्धि विवरण:-

यस जिल्लामा २०७९ सालको मनसुन देखि २०८० साल असार मसान्तसम्म मनसुनजन्य विपद बाढी, पहिरो, आगलागी, चट्याङ्गमा परेका विपद् पिडितहरुलाई स्थानीय तह, जिल्ला प्रहरी कार्यालय, सशस्त्र प्रहरी बलबाट प्रहरी टोली र अन्य सहयोगी निकाय, स्थानीय वासिन्दा खटिगई समयमै उद्धार गरिएको। विपद् पिडितहरुलाई उद्धार गरि उपचारका लागि नजिकै रहेको स्वास्थ्य चौकी, जिल्ला स्थित अस्पताल तथा थप उपचारका लागि सुविधा सम्पन्न अस्पतालमा पुऱ्याएको। यस कार्यालय र सहयोगी निकायहरुबाट विपद् पिडितहरुलाई राहत सामाग्री वितरण गरिएको। २०७९ सालको मनसुन देखि २०८० साल असार मसान्तसम्म यस जिल्लामा भएका तपशिलका विपद् घटनाहरुमा तत्काल सुरक्षा निकाय परिचालन गरि उद्धार गरिएको।

**तपशिल**

१. मिति २०८०।०१।१९ गतेका दिन दिउँसो १५:२० बजेको समयमा जिल्ला दार्चुला व्याँस गाउँपालिका वडा नं. १ भोलेन भन्ने स्थानमा यार्सागुम्बा संकलन गर्न गएका तपशिलका ५ (पाँच) जना व्यक्तिहरु हिमपहिरोमा परि पुरिन गई वेपत्ता भएका र तपशिलका ८ (आठ) जना सकुसल व्यक्तिहरुको उद्धार गरिएको र हिमपहिरोमा परि वेपत्ता भएका व्यक्तिहरुको खोजतलास तथा उद्धार कार्यका लागी प्रहरी चौकी,

सितापुल र सशस्त्र प्रहरी बल नेपाल नं.५० गुल्म, छाङ्गरु, दार्चुलाबाट संयुक्त सुरक्षा टोली खटिईएको र स्थानीय व्यक्तिहरु समेत रहेक मिति २०८०।०१।२० गतेका दिन उक्त स्थानमा प्रहरी टोली पुगि खोजतलास गर्दै जाँदा घट्नास्थलबाट अं. ५००/६०० मिटर त खोल्सामा महिला-२ र पुरुष-१ को लाश फेला परेको सनाखत हुन नसकेको व्यहोरा जानकारीका लागि अनुरोध छ। यार्सागुम्बा संकल गर्न गएका ५ (पाँच) जना व्यक्तिहरु हिमपहिरोमा परि पुरिन गई वेपत्ता भएकोमा ४ (चार) जना व्यक्तिहरुको शव पोष्टमार्टम गरि निजहरुक आफन्तहरुलाई बुझाई दाहसंस्कार समेत गरिसकेको। वेपत्ता भएका अन्य १ (एक) जना व्यक्तिको खोजतलास गर्दै जाँदा मि २०८०।०१।२७ गतेका दिन खोजतलासका लागि खटिएको प्रहरी टोलीले जिल्ला डोटी जोरायल गा.पा.वडा नं. २ बुडर बस्ने बर्ष अं. १ की छिमी साम्मो थापा घट्नास्थलबाट अं. ६००/७०० मिटर तल हिमपहिरोमा पुरिएको अवस्थामा फेला पारि घट्नास्थलबाट निकाल उक्त मृतक लाश ब्याँस गा.पा. वडा नं. १ गागा भन्ने स्थानमा सुरक्षित साथ राखेको साथै मृतकको आफन्तहरूलाई खबर भई ला बुझिलिएको।

<u>सकुसल रहेका व्यक्तिहरूको विवरण (महिला-१, पुरुष-७ गरी जम्मा- ८ जना)</u>:-

१) जिल्ला दार्चुला दुहुँ गा.पा.वडा नं. ४ पोक्से बस्ने अं.वर्ष ३६ की <u>कलावती कार्की</u> (९८४२८९४५४८)।
२) ऐ.ऐ.बस्ने अं.वर्ष १८ को <u>अर्जुन कार्की</u>।
३) जिल्ला डोटी जोरायल गा.पा. वडा नं. २ बुडर बस्ने वर्ष अं.३६ को <u>फुर्पा थापा</u>।
४) ऐ.ऐ.बस्ने अं.वर्ष २६ को <u>छमेन थापा</u>।
५) ऐ.ऐ.बस्ने अं.वर्ष २६ को पासाङ <u>छुल्तेल बिष्ट</u>।
६) ऐ.ऐ.बस्ने अं.वर्ष ३१ को थुतेड थापा।
७) जिल्ला हुम्ला नाम्खा गा.पा. वडा नं. ५ बस्ने वर्ष अं. २० को लाक्पा <u>ग्याल्बु तामाङ</u>।
८) जिल्ला दार्चुला नौगाड गा.पा. वडा नं. २ दल्लेख बस्ने वर्ष ५० को <u>ललित सिंह बिष्ट</u>।

<u>वेपत्ता भएका व्यक्तिहरूको विवरण (महिला-४, पुरुष-१ गरी जम्मा-५ जना)</u>:-

१) जिल्ला दार्चुला दुहुँ गा.पा. वडा नं.४ पोक्से बस्ने अं.वर्ष ३६ की <u>कमला कुवर</u>।
२) ऐ.ऐ.बस्ने निजकै छोरा अं.वर्ष १८ को <u>प्रबिण कुवर</u>।
३) जिल्ला डोटी जोरायल गा.पा. वडा नं. २ बुडर बस्ने अं.वर्ष ४५ की <u>नक्की डोमा थापा</u>।
४) ऐ.ऐ.बस्ने अं.वर्ष १५ की <u>छिमी साम्मो थापा</u>।
५) ऐ.ऐ.बस्ने अं.वर्ष २८ की <u>ईश्वरी थापा</u>।

२. मिति २०८०।०२।०३ गते अं.१७:०० बजेको समयमा जिल्ला दार्चुला ब्याँस गा.पा.वडा नं. २ राप्ला स्याङपा स्थित यार्चागुम्बा संकलन गर्न गएको जिल्ला दार्चुला दुहुँ गा.पा.वडा नं. ५ पासु बस्ने जयधन सिंह महराको छोरा बर्ष अं. १४ को पारस महरा चट्याङ लागि सिरियस घाईते भएको, मिति २०८०।०२।०४ गते अं. ०८:३० बजेको समयमा अ.प्र.पोष्ट दुम्लिङबाट प्र.स.नि. नारायण सिंह बिष्टको कमाण्डमा- ४ जनाको प्रहरी टोली घट्नास्थल तर्फ खटिई गएको। निज घाईते पारस महरालाई उपचारको लागि ल्याउने क्रममा बाटोमै मृत्यु भएको। मिति २०८०।०२।०६ गते बिहान ०८:०० बजेको समयमा उक्त मृतक लाश ब्याँस गा.पा.वडा नं. २ थि बाट भारतको बाटो हुँदै स.मु.खलंगा दार्चुला ल्याई उक्त मृतक लाश पो.मा. कार्य समाप्त पश्चात दाहसंस्कारको लागि मिति २०८०।०२।०६ गते १६:१५ बजेको समयमा निजको दाई नाता पर्ने दान सिंह महराले बुझि लगेको।

३. मिति २०८०।०२।०५ गते अं. २१:०० बजेको समयमा जिल्ला दार्चुला मालिकार्जुन गा.पा.वडा नं. ५ डाँडाकोट मल्तडी स्थित ऐ.बस्ने बर्ष अं. ५२ को राधि राम लुहारको घरमा चट्याङ् पर्न गई निज राधि राम लुहार (अवस्था-मध्यम), निजकै श्रीमती बर्ष अं. ५० की हरिना लुहार (अवस्था-सामान्य), निजकै छोरा बर्ष अं. १८ को माधव राम लुहार (अवस्था- सामान्य) घाईते भएको, र निजकै गोठमा रहेका गाई-१, बाख्रा-१ को चट्याङ् लागि मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ उक्त स्थान तर्फ तत्काल प्र.स.नि.पदम बहादुर मल्लको कमाण्डमा-४ जनाको प्रहरी टोली खटिई गएको। ऐ.२१:५० बजे उक्त स्थानमा प्र.स.नि.को टोली पुगी बुझ्दा घाईते भनिएको राधि राम लुहार सामान्य घाईते भई उपचारको लागि स्थानिय डांडाकोट स्वास्थ्य चौकी तर्फ पठाईएको अवस्था सामान्य रहेको, निजको श्रीमती र छोराको अवस्था सामान्य रहेको र ऐ.ऐ.बस्ने बादु राम लुहार, ऐ.ऐ. बस्ने जित राम लुहारको घरमा समेत चट्याङ लागि निजहरूको गोठमा रहेको गोरु-१/३ गरी जम्मा-२ को मृत्यु भएको। ऐ.ऐ.बस्ने प्रेम राम लुहारको घरमा चट्याङ लागि निजको गोठभित्र रहेका गाई-१, गोरु-१ को समेत मृत्यु भएको। चट्याङ लागि घाईते भएको राधि राम लुहार स्थानिय स्वास्थ्य चौकी डाँडाकोटमा सामान्य उपचार पश्चात थप उपचारको लागि मिति २०८०।०२।०६ गते ०४:३० बजेको समयमा स्वास्थ्य चौकी पस्तीमा पठाई उपचार भएको, अवस्था सामान्य रहेको। निज घाईते राधि



राम लुहार पस्ती स्वास्थ्य चौकीमा उपचार पश्चात सन्चो लागि मिति २०८०।०२।०६ गते १५:१५ बजेको समयमा डिस्चार्ज भई घरतर्फ गएको।

४. मिति २०८०।०२।०४ गते अं. १३:०० बजेको समयमा जिल्ला दार्चुला ब्याँस गा.पा.वडा नं. १ अपिहिमाल कुन्ती शाहु स्थित निम्न स्थान बस्ने निम्न व्यक्तिहरू यार्चा गुम्बा संकलन गर्न गएको अवस्थामा माथिबाट ढुङ्गा लागि घाईते भएका भन्ने ऐ.१६:४० बजेको समयमा जानकारी प्राप्त हुनासाथ उक्त स्थान तर्फ प्र.स.नि. प्रकाश बहादुर सिंहको कमाण्डमा-४ जनाको प्रहरी टोली खटिई गएको।

<u>निम्न घाईतेहरू</u>:-

१) जिल्ला दार्चुला ब्याँस गा.पा.वडा नं. १ छाङरु बस्ने गरवाङ सिंह ऐतवालको छोरा बर्ष अं. ४२ को बिर सिंह ऐतवाल- अवस्था सिरियस।
२) ऐ.ऐ.बस्ने बर्ष अं. ४९ को पुस्कर सिंह ऐतवाल- अवस्था मध्यम।

ढुङ्गा लागि घाईते भएको बर्ष अं. ४२ को बिर सिंह ऐतवालको मृत्यु भएको।ढुङ्गा लागि घाईते र मृतक उक्त लाश ऐ. २०:०० बजेको समयमा ब्यास गा.पा.२ छाङरु स्थित आफ्नै घरमा राखेको, घाईतेको अवस्था सामान्य रहेको। ढुङ्गा लागि मृत्यु भएको बिर सिंह ऐतवालको लाश भबितब्य घट्ना भएकोले पो.मा.गर्दैनौ भनि निजका आफन्तहरुले दाहसंस्कारका लागि मिति २०८०।०२।०५ गते ११:४५ बजेको समयमा लगेको।

५. मिति २०८०।०२।०४ गते अं. १७:०० बजेको समयमा जिल्ला दार्चुला शैल्यशिखर न.पा.वडा नं. १ धौकुचे स्थित ऐ.ऐ. बस्ने बर्ष अं. २५/२६ को मोहन देव खडायतको निश्चल मोबाईल एण्ड ईलेक्ट्रोनिक पसलमा अचानक बिजुलीको तार सर्ट हुन गई आगलागि हुँदा उक्त पसल भित्र रहेको कम्प्युटर थान-२, फोटोकपि मेसिन थान-१, ठुलो रेडियो थान- २, मोबाईल थान- १२ जलि नष्ट भएको, उक्त आगलागि प्रहरी र स्थानियको सहयोगमा ऐ.१७:३० बजे नियन्त्रणमा आएको, मानविय क्षति नभएको।

६. मिति २०८०।०१।३० गते अं. २०:०० बजेको समयमा जिल्ला दार्चुला ब्याँस गा.पा.वडा नं. २ हुमदुम्ती स्थित यार्चागुम्बा संकलन गर्न गएका निम्न स्थान बस्ने निम्न व्यक्तिहरू चट्याङ लागि घाईते भएका, घाईतेहरूको अवस्था मध्यम रहेको भनी मिति २०८०।०१।३१ गते अं. १०:०० बजेको समयमा ऐ.स्थित संगै यार्चागुम्बा संकलन गर्न गएको दुहुँ गा.पा.वडा नं. २ हिकिला बस्ने प्रेम सिंह बडाल (सम्पर्क नं. ९८६४६४०३५२) ले घट्नास्थल बाट अं. २/३ घण्टा तल ब्याँस गा.पा.वडा नं. २ कल्जु भन्ने स्थानमा आई टे.फो.मार्फत जानकारी गराउनासाथ उक्त स्थान तर्फ अ.प्र.पोष्ट दुम्लिङ बाट प्र.स.नि. नारायण सिंह बिष्टको कमाण्डमा-४ जनाको प्रहरी टोली खटिई गएको, घट्नास्थलमा फोन सम्पर्क नहुने हुँदा उद्धार कार्यमा कठिनाई भएको।

<u>निम्न घाईतेहरू</u>:-

१. जिल्ला दार्चुला दुहुँ गाउँपालिका वडा नं. १ बास्पाली बस्ने बर्ष अं. ३७/३८ को आन सिंह महरा।
२. ऐ.ऐ. बस्ने निजकै श्रीमती बर्ष अं. ३० कि मानमति महरा।
३. जि.दार्चुला दुहुँ गा.पा.वडा नं. २ हिकिला बस्ने बर्ष अं. १८ को महेश बडाल।

उद्धारको लागि खटिई गएको प्र.स.नि.को टोली मौसम प्रतिकुलका कारण जान नसकी आधिबाटोबाट फर्किई ऐ.२०:०० बजेको समयमा कार्यालयमा ईन भएको।मिति २०८०।०२।०१ गते अं. ०६:०० बजेको समयमा घट्नास्थल तर्फ प्र.स.नि. नारायण सिंह बिष्टको कमाण्डमा- ४ जनाको प्रहरी टोली खटिई गई घट्नास्थलमा पुग्न नसकी ब्याँस गा.पा.वडा नं. २ कल्जु स्थित गगन सिंह धामीको घरमा बास बसेको।चट्याङ लागि घाईते भएका व्यक्तिहरूको थप उद्धारका लागि ऐ. १६:०० बजेको समयमा नेपाली सेनाको हे.क. आई मौसम प्रतिकुलका कारण जान नसकी महाकाली न.पा.वडा नं. ४ खलंगा स्थित नेपाली सेनाको गुरु गोरख गुल्म दार्चुला ब्यारेकमा लेण्ड भएको।उक्त घाईतेहरूलाई मिति २०८०।०२।०१ गते घट्नास्थलबाट अं. २ घण्टा तल ब्याँस गा.पा.वडा नं. २ कोठेरी भन्ने स्थानमा बोकी पुऱ्याएको भन्ने बुझिएको।चट्याङ लागि घाईते भएका व्यक्तिहरूको उद्धारको लागि नेपाली सेनाको हे.क.महाकाली न.पा.वडा नं. ४ खलंगा स्थित नेपाली सेनाको ब्यारेक बाट मिति २०८०।०२।०२ गते ०६:३२ बजेको समयमा घट्नास्थलको लागि टेकअप भएको। ऐ. ०७:२३ बजेको समयमा घट्नास्थलबाट घाईतेहरूको उद्धार गरी ऐ. ०७:३४ बजेको समयमा खलंगा स्थित नेपाली सेनाको ब्यारेकमा लेण्ड भएको।चट्याङ लागि घाईते भएका तिनै जना घाईतेहरूलाई उपचारका लागि ऐ.०८:५५ बजेको समयमा नेपाली सेनाको हे.क. नेपालगंजको लागि टेकअप भएको।मिति २०८०।०२।०२ गते १३:४० बजेको समयमा बुद्धऐरको उडान द्धारा चट्याङ लागि घाईते भएका तिनै जना घाईतेहरूलाई नेपालगंज भेरी अस्पतालबाट थप उपचारका लागि काठमाण्डौं रिफर भएको।

७. मिति २०८०।०१।३१ गते अं. १६:०० बजेको समयमा जिल्ला दार्चुला ब्याँस गा.पा.वडा नं. ३ सलेरी स्थित ऐ.ऐ.बस्ने राजु कुवरले जंगलबाट गाई चराएर घरतर्फ ल्याउँदै गरेको अवस्थामा चट्याङ लागि निजकै गाई-१, गाईको बाच्छी-१ को घट्नास्थलमै मृत्यु भएको र

गाईको बाच्छा- १, बाच्छी-१ घाईते भएका, अन्य क्षति नभएको भनी ऐ. वडाका वडा अध्यक्ष उपेन्द्र धामीले ऐ. ११:४० बजेको समयमा टे.फो.मार्फत जानकारी गराउनासाथ उक्त स्थान तर्फ प्र.ब.ह. देव बहादुर महतको कमाण्डमा-३ जनाको प्रहरी टोली खटिई गएको।

८. मिति २०८०।०१।३० गते अं. ०८:३० बजेको समयमा जि. दार्चुला महाकाली न.पा.वडा नं. ५ नम्सिकार स्थित महाकाली नदीको बिच भागमा ढुङ्गामा अड्किएको अवस्थामा अपरिचित पुरुष व्यक्तिको लाश बेवारिसे अवस्थामा रहेको भनि टे.फो.मार्फत जानकारी प्राप्त हुनासाथ उक्त स्थान तर्फ तत्काल प्र.स.नि. खिर बहादुर बिष्टको कमाण्डमा-५ जनाको प्रहरी टोली र थप अनुसन्धानका लागि SOCO सहितको टोली खटिई गएकोउक्त बेवारिसे मृतक लाशको घट्नास्थल कार्य पुरा गरी ऐ. १०:४० बजेको समयमा जिल्ला अस्पताल दार्चुलाको लाश घरमा राखेकोऐ.१८:२० बजेको समयमा उक्त बेवारिसे अवस्थामा फेला परेको पुरुष व्यक्ति भारतको पिथौरागढ जिल्ला स्थित धौदास- सिदाँग बस्ने सोभान बर्माको छोरा बर्ष अं. ३६ को राम लाल बर्मा रहेको भनी निजको भाई नाता पर्ने दिपक बर्माले पहिचान गरेको, मृतक लाश ऐ.अस्पतालको लाश घरमा रहेको।उक्त मृतक लाश मिति २०८०।०१।३१ गते अं.१३:५० बजेको समयमा निजको आफन्तले दाहसंस्कार गर्नका लागि बुझि लगेको।

९. मिति २०८०।०१।२५ गते अं.१८:३० बजेको समयमा जिल्ला दार्चुला शैल्यशिखर न.पा.वडा नं. ३ दुबेडी स्थित चिउरीको रुखमा चट्याङ्ग पर्न गई ऐ.स्थित खेतबारीमा मकै छरिरहेको अवस्थामा चट्याङको झिल्का लागि ऐ.ऐ. बस्ने बर्ष अं. ३९/४० की मिना खत्री- दुवै खुट्टामा चोट- अवस्था सामान्य, निजकै देवर नाता पर्ने बर्ष अं. ३०/३१ को कुमार खत्री- दुवै खुट्टामा चोट- अवस्था सामान्य र निज मिना खत्रीको छोरा बर्ष अं. १४/१५ को नरेश खत्री- अवस्था बेहोस, तिनै जना घाईतेहरूलाई उपचारको लागि गोकुलेश्वर अस्पताल दार्चुला तर्फ पठाउने कार्य भईरहेको, उक्त स्थानमा प्र.ब.ह. रन्दिप गिरीको कमाण्डमा-३ जनाको प्रहरी टोली खटिएको। ऐ.२०:०० बजेको समयमा माथि उल्लेखित घाईतेहरू मध्ये बेहोस अवस्थामा रहेको घाईते बर्ष अं. १४/१५ को नरेश खत्रीलाई उपचारको लागि गोकुलेश्वर अस्पताल दार्चुलामा पुर्‍याई चेकजाँच गर्दा डा.ले मृत्यु घोषणा गरेको।

१०. मिति २०८०।०१।१० गते अं. १५:३० बजेको समयमा जिल्ला दार्चुला लेकम गा.पा. वडा नं. ३ लाली स्थित सेवा केन्द्र सामुदायिक बनमा आगलागी हुन गई ई.प्र.का.लालीमा आउने खानेपानीको अं.२०० मिटर पोलेथिन पाईप जली नष्ट भएको, अन्य मानविय/चौपाया क्षति नभएको, उक्त स्थानमा प्र.ना.नि.दल बहादुर झुकालको कमाण्डमा-८ जनाको प्रहरी टोली खटिई गई प्रहरी र स्थानियको सहयोगमा उक्त आगो निभाउने कार्य भई नियन्त्रणमा लिएको।

११. मिति २०७९।१२।२८ गते रातीको समयमा जिल्ला दार्चुला अपिहिमाल गा.पा.वडा नं. ३ गैरी बस्ने धन सिंह रोकायाको ढुङ्गा माटोले बनेको पत्थरले छाएको गाईगोठमा अचानक आगलागि हुँदा गोठभित्र रहेका २ वटा गाई, ३ बाच्छा/बाच्छीको जली मृत्यु भएको, अन्य मानविय क्षति नभएको भनी मिति २०७९।१२।२९ गते ०७:३० बजेको समयमा टे.फो.मार्फत जानकारी गराउनासाथ उक्त स्थान तर्फ प्र.ब.ह.हिरा सिंह पुजाराको कमाण्डमा- ३ जनाको प्रहरी टोली खटिई गई उद्धार कार्य गरिएको।

१२. मिति २०७९।१२।२६ गते राति अं. २३:३० बजेको समयमा जिल्ला दार्चुला मालिकार्जुन गा.पा.-८ स्थित ऐरछेना बस्ने भोजसिंह धामीको काठले बनेको टिनले छाएको भुईतले पसल(खोका) मा एक्कासी आगलागी हुन गई नजिकै रहेको निजकै होटलमा समेत आगो सल्किन गई सर-सामान सहित भाडा बर्तन, सिलिण्डर समेत जलि नष्ट भएको, साथै अन्य मानविय क्षेती केहि नभएको, उक्त स्थानमा प्र.स.नि.बिराटत पन्तको कमाण्डमा -४ जनाको टोली खटिई गई स्थानिय र प्रहरीको सहयोगमा निभाउने कार्य भई ऐ.००:३० बजे उक्त आगो पुर्ण रुपमा नियन्त्रणमा आएको।

१३. मिति २०७९।११।२९ गते अं. २१:०० बजेको समयमा जिल्ला दार्चुला शैल्यशिखर न.पा.वडा नं.४ मल्लो कांडापारी स्थित ऐ.बस्ने रतन सिंह धामीको ढुङ्गा माटोले बनेको पत्थरले छाएको २ तले २ कोठे घरमा बिजुलीको तार सट हुन गई आगलागी हुँदा घरभित्र रहेका काठ, लत्ताकपडा, अन्नपात, भाँडाबर्तन जली नष्ट भएको, अन्य मानविय/चौपाया क्षति नभएको, उक्त आगो नियन्त्रणमा आएको, उक्त स्थानमा प्र.ब.ह.रन्दिप गिरीको कमाण्डमा-३ जनाको टोली खटिईगएको।

१४. मिति २०७९।११।१३ गते अं.१५:१० बजेको समयमा जिल्ला दार्चुला ब्याँस गा.पा.वडा नं. ४ खातीगाउं स्थित ऐ.बस्ने कल्याण सिंह खातिको ढुङ्गा, माटोले बनेको टिनले छाएको ३ तले ६ कोठे घरमा अचानक आगलागी हुन गई उक्त आगोबाट गोठ भित्र रहेका गाई-१ को मृत्यु, १ गाई घाईते भएको, घरभित्र रहेका अन्नपात, भांडावर्तन, लत्ताकपडा जलि नष्ट भएको, मानबिय क्षति नभएको, उक्त स्थानमा प्र.ना.नि.भरत बहादुर अधिकारीको कमाण्डमा- ८ जनाको टोली खटिई गई प्रहरी र स्थानियको सहयोगमा उक्त आगो ऐ.१५:४० बजे नियन्त्रणमा आएको।

१५. मिति २०७९।१०।२५ गते अं. १४:०० बजेको समयमा जिल्ला दार्चुला महाकाली न.पा ४ रिङ्ने ताल स्थित महाकाली नदीमा बर्ष अं. ५०/५५ को नाम थर वतन खुल्न नआएको पुरुष व्यक्ती बगिरहेको भनि स्थानियले टे.फो मार्फत जिल्ला प्रहरी कार्यालयमा जानकारी



गराउना साथ तत्काल जि.प्रहरी का.बाट बजार गस्ती खटिएको प्र.ना.नि हर्क सिंह मल्लको कमाण्डमा खटिएको प्रहरी टोलीले निजलाइ बगिरहेको अवस्थामा महाकाली नदि बाट उद्दार गरी उपचारको लागी जिल्ला अस्पताल दार्चुलामा पठाइएको अवस्था सिरियस रहेको। निज व्यक्ति जिल्ला दार्चुला महाकाली न.पा.२ फोम्डा बस्ने बर्ष अं.७० को बिर सिंह बडाल भएको भन्ने निजको भतिजा मान सिंह बडाल बाट बुझिन आएको र निज मान सिंह बडाल उपचारमा संलग्न रहेको ऐ.१५:१० बजेको समयमा निज व्यक्तिको उपचारको क्रममा मृत्यु भएको। मिति २०७९।१०।२६ गते १५:४० बजेको समयमा पो.मा. कार्य समाप्त पश्चात मृतक लाश निजको आफन्तले बुझिलिएको।

१६. मिति २०७९।१०।१० गते आएको भुकम्पका कारण जिल्ला दार्चुला महाकाली न.पा.-५ किमतडी बस्ने धन सिंह कार्कीको ३ तले ढुङ्गा, माटो, सिलेटले छाएको घर चर्किन गई आंन्सिक रुपमा क्षति भएको, अन्य मानविय/चौपाया क्षति नभएको भनि मिति २०७९।१०।११ गते ०९:०० बजेको समयमा जानकारी गराउनासाथ जिल्ला प्रहरी का.बाट प्र.स.नि. भरत बहादुर बोहराको कमाण्डमा ४ जनाको प्रहरी टोली खटि गई उद्धार कार्य गरिएको।

१७. मिति २०७९।०५।२४ गते महाकाली न.पा.को लास्कु खोलामा आएको बाढीका कारण ऐ. न.पा.को वडा नं. १, २, ३ र ४ मा विभिन्न निजी आवास तथा सार्वजनिक बाटो पुल, विद्यालय, खानेपानी क्षति भएको सम्बन्धमा जिल्ला प्रशासन कार्यालयबाट जिल्ला स्थित सुरक्षा निकाय परिचालन गरि उक्त विपद् जन्य समयमा बाटो घाँटो, यातायात संचालन गरी खोज उद्धार तथा राहत वितरण गरिएको।

**राहत वितरण सम्बन्धी विवरण:**

- यस आ.व. २०७९/०८० मा सिंचाई डिभजन कार्यालयबाट विपद पिडित परिवारहरूलाई २११ जि.आइ. तारजाली वितरण गरिएको।
- नेपाल रेडक्रस सोसाईटी जिल्ला शाखा दार्चुलाबाट विपद् पिडितहरूलाई गैर खाद्य सामाग्री त्रिपाल, भाडा कुडा, कपडा उपलब्ध गराईएको।
- जिल्ला प्रशासन कार्यालय दार्चुलाबाट १५ जना मृतक/बेपत्ताका हकदार परिवारलाई रु. २३ लाख तथा घर आंशिक/पूर्ण क्षति भएका १३२ परिवारलाई रु. १७ लाख ७४ हजार गरी जम्मा रु. ४० लाख ९१ हजार राहत रकम वितरण गरिएको।
- २०८०।०१।१९ गते हिमपहिरोमा परि मृत्यु भएका एकै परिवारका दुई जना व्यक्तिका हकदार परिवारलाई रु. तीन लाख राहत रकम उपलब्ध गराईएको।
- २०८०।०१।२५ र २०८०।२।३ गते चट्याङ्ग परि मृत्यु भएका दुई जना मृतक व्यक्तिका हकदार परिवारलाई जनही प्रति परिवार रु. २/२ लाख रुपयाँका दरले राहत उपलब्ध गराईएको।
- विपद् जन्य घटनाबाट मृत्यु भएका व्यक्तिका हकदार परिवार र आवास क्षति भएका परिवारहरूलाई विभिन्न संघ संस्थाबाट प्राप्त कम्बल, त्रिपाल, बाल्टी लगायतका सामाग्रीहरु वितरण गरिएको।
- महाकाली नदीको तटीय क्षेत्रमा बाढी पहिरो रोकथामका लागि महाकाली नदी नियन्त्रण आयोजनाबाट समेत ग्याबिन तारजाली वितरण गरिएको।
- मनसुन जन्य निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०७७ (संशोधन समेत) अनुसार यस जिल्लामा आ.व. २०७७/०७८ र आ.व. २०७८/०७९ मा कायम भएका लाभग्राहीहरुलाई किस्ता अनुसार अनुदान रकम उपलब्ध गराउने कार्य जारी रहेको।
- विपद् खोज उद्धार तथा राहत वितरणका लागि जिल्ला प्रशासन कार्यालय प्रमुख जिल्ला अधिकारीज्यूको नेतृत्वमा जिल्ला स्थित सबै सुरक्षा निकायहरु परिचालन भएको ।
- सुदूरपश्चिम समाज, दक्षिण कोरियाले आ.व. २०७९/०८० को मनसुनजन्य अविरल वर्षा, बाढी, पहिरोका कारण मिति २०७९।०५।२४ गतेको घटनामा परि मृत्यु तथा बेपत्ता भएका १५ जना व्यक्तिका हकदार परिवारलाई यस कार्यालय मार्फत रु.१४,८००/- नगद राहत उपलब्ध गराईएको।
- मिति २०८०।०२।०५ गते अं. २१:०० बजेको समयमा जिल्ला दार्चुला मालिकार्जुन गा.पा.वडा नं. ५ डाँडाकोट मलतडी स्थित ऐ.बस्ने वर्ष अं. ५२ को राधि राम लुहारको घरमा चट्याङ्ग पर्न गई निज राधि राम लुहार (अवस्था-मध्यम), निजकै श्रीमती वर्ष अं. ५० की हरिना लुहार (अवस्था-सामान्य), निजकै छोरा वर्ष अं. १८ को माधव राम लुहार (अवस्था- सामान्य) घाइते भएको र निजके गोठमा रहेका गाई-१, बाछा-१ को चट्याङ्ग लागि मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ उक्त स्थान तर्फ तत्काल प्र.स.नि.पदम बहादुर मल्लको कमाण्डमा-४ जनाको प्रहरी टोली खटिई गएको। ऐ.२१:५० बजे उक्त स्थानमा प्र.स.नि.को टोली पुगी बुझ्दा घाइते भनिएको राधि राम लुहार सामान्य घाईते भई उपचारको लागि स्थानिय डांडाकोट स्वास्थ्य चौकी तर्फ पठाईएको अवस्था सामान्य रहेको, निजको श्रीमती र छोराको अवस्था सामान्य रहेको र ऐ.ऐ.बस्ने बादु राम लुहार, ऐ.ऐ. बस्ने जित राम लुहारको घरमा समेत चट्याङ लागि निजहरूको गोठमा रहेको गोरु-१/१ गरी जम्मा-२ को मृत्यु भएको।ऐ.ऐ.बस्ने प्रेम राम लुहारको घरमा चट्याङ लागि निजको गोठभित्र रहेका गाई-१, गोरु-१ को समेत मृत्यु भएको। चट्याङ लागि घाईते भएको राधि राम लुहार स्थानिय स्वास्थ्य चौकी डाँडाकोटमा सामान्य उपचार पश्चात थप उपचारको लागि

मिति २०८०।०२।०६ गते ०४:३० बजेको समयमा स्वास्थ्य चौकी पस्तीमा पठाई उपचार भईरहेको, अवस्था सामान्य रहेको वि.वि.पछि ।निज घाईते राधि राम लुहार पस्ती स्वास्थ्य चौकीमा उपचार पश्चात सन्चो लागि मिति २०८०।०२।०६ गते १५:१५ बजेको समयमा डिस्चार्ज भई घरतर्फ गएको ।

- मिति २०८०।०२।०३ गते अं.१७:०० बजेको समयमा जिल्ला दार्चुला ब्याँस गा.पा.वडा नं. २ राप्ला स्याङपा स्थित यार्चागुम्बा संकलन गर्न गएको जिल्ला दार्चुला दुहुँ गा.पा.वडा नं. ५ पासु बस्ने जयधन सिंह महराको छोरा वर्ष अं. १४ को पारस महरा चट्याङ लागि सिरियस घाईते भएको, मिति २०८०।०२।०४ गते अं. ०८:३० बजेको समयमा अ.प्र.पोष्ट दुम्लिङबाट प्र.स.नि. नारायण सिंह विस्टको कमाण्डमा- ४ जनाको प्रहरी टोली घट्नास्थल तर्फ खटिई गएको । निज घाईते पारस महरा लाई उपचारको लागि ल्याउने क्रममा बाटोमै मृत्यु भएको भनी मिति २०८०।०२।०४ गते अं. १७:०० बजेको समयमा निजको आफन्तहरू बाट बुझिन आएको। मिति २०८०।०२।०६ गते विहान ०८:०० बजेको समयमा उक्त मृतक लाश ब्याँस गा.पा.वडा नं. २ थि बाट भारतको बाटो हुँदै स.मु.खलंगा दार्चुला तर्फ ल्याउँदै गरेको भन्ने बुझिएको। उक्त मृतक लाश ऐ.११:४० बजेको समयमा जिल्ला अस्पताल दार्चुलाको लाश घरमा राखेको । उक्त मृतक लाश पो.मा. कार्य समाप्त पश्चात दाहसंस्कारको लागि मिति २०८०।०२।०६ गते १६:१५ बजेको समयमा निजको दाई नाता पर्ने दान सिंह महराले बुझि लगेको।
- **खोज उद्धार (हिमपहिरो):-** मिति २०८०।०१।१९ गतेका दिन यस जिल्लाको व्याँस गाउँपालिका वडा नं. १ भोलेन भन्ने स्थानमा यार्सागुम्बा संकलन गर्न गएका ५ (पाँच) जना व्यक्तिहरु हिमपहिरोमा परि पुरिन गई वेपत्ता भएको । केही व्यक्तिहरुको सकुसल उद्धार गरिएको र हिमपहिरोमा परि वेपत्ता भएका व्यक्तिहरुको खोजतलास तथा उद्धार कार्यका लागी प्रहरी चौकी, सितापुल र सशस्त्र प्रहरी बल नेपाल नं.५० गुल्म, छाङ्गरु, दार्चुलाबाट संयुक्त सुरक्षा टोली खटिईएको र स्थानीय व्यक्तिहरु समेत रहेको। मिति २०८०।०१।२० गतेका दिन उक्त स्थानमा प्रहरी टोली पुगि खोजतलास गर्दै जाँदा घट्नास्थलबाट अं. ५००/६०० मिटर तल खोल्सामा महिला-२ र पुरुष-१ को लाश फेला परेको । यार्सागुम्बा संकलन गर्न गएका ५ (पाँच) जना व्यक्तिहरु हिमपहिरोमा परि पुरिन गई वेपत्ता भएकोमा ४ (चार) जना व्यक्तिहरुको शव पोष्टमार्टम गरि निजहरुका आफन्तहरुलाई बुझाई दाहसंस्कार समेत गरिसकेको। वेपत्ता भएका अन्य १ (एक) जना व्यक्तिको खोजतलास गर्दै जाँदा मिति २०८०।०१।२७ गतेका दिन खोजतलासका लागि खटिएको प्रहरी टोलीले जिल्ला डोटी जोरायल गा.पा.वडा नं. २ बुडर बस्ने वर्ष अं. १५ की छिमी साम्मो थापा घट्नास्थलबाट अं. ६००/७०० मिटर तल हिमपहिरोमा पुरिएको अवस्थामा फेला पारि घट्नास्थलबाट निकाली उक्त मृतक लाश व्याँस गा.पा. वडा नं. १ गागा भन्ने स्थानमा सुरक्षित साथ राखि मृतकको आफन्तहरूलाई खबर भई लाश बुझिलिई दाह संस्कार गरिसकेको ।

(४) जिल्ला स्थित रेडक्रस सोसाईटीबाट आ.व. २०७९/०८० मा विपद पिडितहरुलाई वितरण गरिएको गैर खाद्य सामग्रीको विवरणः-

नेपाल रेडक्रस सोसाईटी जिल्ला शाखा दार्चुलाबाट विपद् पिडितहरुलाई गैर खाद्य सामाग्री त्रिपाल, भाडा कुडा, कपडा उपलब्ध गराईएको ।

नेपाल रेडक्रस सोसाइटी दार्चुला जिल्ला शाखामा मौज्दात राहत तथा उद्धार सामग्री :-

| | | |
|---|---|---|
| १ | कपडा | १,५०० मी. |
| २ | तारपोलियन | ५० थान |
| ३ | कम्वल | ५० थान |
| ४ | भाँडाकुँडा | ५० सेट |
| ५ | सारी (धोती) | ५० पीस |
| ६ | स्टेचर | ५ थान |
| ७ | डोरी | १०० मीटर |
| ८ | Throw Bag | १० थान |
| ९ | Climbng Rope | २०० मी. |
| १० | Rubber Tube | १० थान |
| ११ | Safety Helmet | २५ थान |
| १२ | Carbiners with lock | २ थान |
| १३ | Seat Harnes | ४ थान |
| १४ | Working Gloves leather | २४ जोडा |
| १५ | Plastic Boat | २५ थान |
| २० | First Aid Kit | १ थान |

(५) जलस्रोत तथा सिंचाई डिभिजन कार्यालय दार्चुलाबाट आ.व. २०७९/०८० मा विपद पिडितहरुलाई वितरण गरिएको ग्यावीन तारजालीको विवरणः- २९१ थान जि.आई. तार जाली वितरण गरिएको।



(६) महाकाली नदी नियन्त्रण आयोजना कार्यालय दार्चुलाबाट आ.व. २०७९/०८० मा महाकाली नदीको संभावित जोखिम भएको तटीय क्षेत्रका वासिन्दाहरुको सुरक्षार्थ ग्यावीन तारजाली वितरण विपद पिडितहरुलाई वितरण गरिएको ग्यावीन तारजाली वितरण गरिएको ।

(७) विपद सम्वन्धि कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न जिल्ला स्थित सरकारी तथा गैर सरकारी निकाय बीच समन्वयात्मक बैठक सञ्चालन गरिएको ।

(८) जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्र (DEOC) र स्थानीय आपतकालिन कार्य सञ्चालन केन्द्र (LEOC) लाई प्रभावकारी रुपमा क्रियाशिल गराउन जिल्ला स्थित सबै स्थानीय तहहरुमा स्थानीय आपतकालिन कार्य सञ्चालन केन्द्र (LEOC) गठन गरी कार्य सञ्चालन गर्न जिल्ला विपद व्यवस्थापन समितिको बैठकबाट निर्णय गरी कार्यान्वयनका लागि जिल्ला स्थित सबै स्थानीय तहलाई जानकारी गराईएको ।

(९) आवश्यकता अनुसार जिल्ला विपद व्यवस्थापन समितिको बैठक आयोजना गरिएको । बैठकको निर्णय कार्यान्वयनका लागि सम्बन्धित निकायमा पठाईएको ।

(१०) मनसुनजन्य निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०७७ अनुसार कायम भएका आ.व. २०७७/०७८ र आ.व. २०७८/०७९ का लाभग्राहीहरुलाई सम्बन्धित स्थानीय तहको सिफारिश/सम्झौता अनुसार अनुदान रकम उपलब्ध गराउने कार्य भईरहेको ।

(११) जिल्ला स्थित सबै स्थानीय तहहरुलाई विपद खोज उद्धार सामाग्रीहरु व्यवस्थापनका लागि जानकारी गराईएको ।

(१२) जिल्ला विपद पूर्व तयारी तथा प्रतिकार्य योजना र मनसुन पूर्वतयारी कार्ययोजना को परिमार्जित संस्करण, २०८० तयार गरी कार्यान्वयन भईरहेको ।

## १९. सूचना अधिकारी र प्रमुखको नाम र पद :

**क) कार्यालय प्रमुख :**

- **नामः** किरण जोशी
- **पदः** प्रमुख जिल्ला अधिकारी

**ख) सूचना अधिकारी :**

- नामः प्रदीप सिंह धामी
- पदः सहायक प्रमुख जिल्ला अधिकारी

## २०. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :

- स्थानीय प्रशासन ऐन, २०२८
- नेपाल नागरिकता ऐन, २०६३
- विपद न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७४
- लागु औषध (नियन्त्रण) ऐन, २०३३
- हातहतियार तथा खरखजना ऐन, २०१८
- आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, २०१७
- आवश्यक वस्तु संरक्षण ऐन, २०१२
- भ्रष्टाचार नियन्त्रण ऐन, २०५९
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८
- राहदानी ऐन, २०२४
- सार्वजनिक सुरक्षा ऐन, २०४६
- संस्था दर्ता ऐन, २०३४
- जग्गा प्राप्ति ऐन, २०३४
- सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४
- सूचनाको हक सम्वन्धी ऐन, २०६४
- सूचनाको हक सम्वन्धी नियमावली, २०६५
- नेपाल नागरिकता नियमावली, २०६३
- राहदानी नियमावली, २०६७
- संस्था दर्ता नियमावली, २०३४
- विवाह दर्ता नियमावली, २०२८
- हातहतियार तथा खरखजना नियमावली, २०२८
- सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली, २०६५
- विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६
- नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६८
- विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६८
- प्रकोप पीडित उद्दार र राहत सम्वन्धी मापदण्ड, २०६४
- गृह मन्त्रालय र अन्तर्गत कार्यरत कर्मचारीहरुको आचारसंहिता, २०६१
- गृह प्रशासन सुधार कार्ययोजना योजना, २०७४
- जिल्ला स्तरीय विभिन्न कार्ययोजनाहरु

## २१. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण :

| विवरण | रकम रु. | कैफियत |
|---|---|---|
| कम्पनी रजिष्ट्रेशन दस्तुर | ६३,६००।- | लेखा राजस्व विवरण (२०७१।०४।०१ देखि ऐ. असार मसान्त सम्मको) |
| हातहतियारको इजाजत पत्र दस्तुर | ३७८,१२५।- | |
| राहदानी शुल्क | ६७,८५,६००।- | |
| न्यायिक दण्ड, जरिवाना र जफत | ९,९०,५१२।- | |
| प्रशासनिक दण्ड, जरिवाना र जफत | ९३,५००।- | |
| परीक्षा सुल्क | ३,५००।- | |
| सरकारी सम्पत्तीको विक्रीबाट प्राप्त रकम | २४,०००।- | |
| अन्य प्रशासनिक सेवा शुल्क | १५०।- | |
| जम्मा | ८३,३८,९८७।- | |

## २२. सूचनाको हक अन्तर्गत सूचनाको हक माग्ने र पाउनेको विवरण :

- स्थानीय सञ्चार माध्यम/पत्रकारहरुसंग नियमित रुपमा भेटघाट, अन्तर्क्रिया हुने गरेको ।

## २३. सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ५ को उपनियम ३ बमोजिमको थप विवरण:-

**१. अघिल्लो आ.व. मा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सोको विवरण ।**

**२. सार्वजनिक निकायको बेभसाईट भए सोको विवरण ।**

**Website:-** www.daodarchula.moha.gov.np

- सार्वजनिक निकायले प्राप्त गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन ।
- सार्वजनिक निकायले वर्गिकरण तथा संचालन गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि ।
- **सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय:-** लिखित रुपमा सूचना माग नभएको ।

**३. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका भए सोको विवरण ।**

यस कार्यालयका सार्वजनिक गर्नु पर्ने सम्पूर्ण सूचनाहरु यस कार्यालयको Website, Facebook Page र Twitter मार्फत उपलब्ध गराईएका छन् ।

**Website:-** www.daodarchula.moha.gov.np

**Facebook Page:-** www.facebook.com/daodarchula

**Twitter account:-** @daodarchula

प्र.प्रमुख जिल्ला अधिकारी